गोलबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा

प्रदेश नं. २, नेपाल

## बोलपत्रको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०६/०५ गते

यस कार्यालय अन्तर्गत निर्माण कार्य बोलपत्र प्रक्रियाबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरु र बोलपत्र पुस्तिकाको अधीनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्न सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :-

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र चालु आ.व. का लागि नवीकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व.२०७६/०७७ सम्मको कर चुक्ता वा म्यादथपको प्रमाणपत्रका प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रस्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिने छन् ।

३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

४. बोलपत्रका साथ जमानत वापतको तपसिल बमोजिमको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक सिरहास्थित २१३०१००३०३००००२ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिडबन्ड) पेश गर्नु पर्नेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कारवाही हुनेछैन ।

६. बोलपत्रदाताबाट बोलपत्रको उल्लेखित मूल्य परिमाण सुची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर वाहेकको दररेट भरी नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन। साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउमा सही छाप भएको हुनु पर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा एक बर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको कार्य सम्पादन जमानत पत्र (परफरमेन्सबन्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

९. बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माण स्थल तथा सामुदायको बारेमा जानकारी एवम् अध्यन गर्नु पर्नेछ ।

१०. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

११. बोलपत्र साथ स्व-घोषणा पत्र पेश गर्नुपर्नेछ ।

१२. यसमा उल्लेख नभएका बिषयहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. यो सूचना गोलबजार नगरपालिकाको www.golbazarmun.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिलः-

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. र कन्टीन्जेन्सी वाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०२/२०७७/०७८ | कोभिड -१९ अस्पताल तथा आईसोलेशन केन्द्र निर्माण कार्य । | रु.१,१५,६७,४०८.२४/- | रु.३,२०,०००.००/- | रु.३०००.००/- | |